# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

## मोलुङ गाउँपालिका, ओखलढुंगा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


(प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८/७९

च.नं. ९१

मितिः २०७८/५/४

श्री अध्यक्षज्यू,
मोलुङ गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
ओखलढुंगा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक


Phone: 4258174, 4266034, 4255707, A.G.Fax: 977-1-4268309, Fax: 977-1-426-27-98, Post Box: 13328
Email : aag.mgmt@oagnep.gov.np Website : www.oagnep.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वासनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

# Office of the Auditor General

बबरमहल, काठमाडौं नेपाल

Babar Mahal, Kathmandu, Nepal

**(प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्याः ०७८/७९

च.नं.: ८७

मितिः२०७८।५।४

श्री अध्यक्षज्यू,

मोलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

प्राप्चा, ओखलढुंगा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले **मोलुङ गाउँपालिका**को आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तीय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७/१०/२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन **पाना २५** यसैसाथ संलग्न छ ।

३.लेखापरीक्षणबाट रु.२ करोड ८७ लाख २२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१९ लाख ७२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.८७ लाख ७ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ६२ लाख ७९ हजार र पेश्की बाँकी रु.१७ लाख ६४ हजार रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूतरुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूतरुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)

नायब महालेखापरीक्षक

# मोलुङ गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७६/७७

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस मोलुङ गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य, ११२ वर्ग किलोमिटर क्षेत्रफल तथा १५ हजार ८६२ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष -** आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः
गाउँपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सो विवरण प्राप्त हुन सकेन । सम्पुर्ण आर्थिक कारोवारको यथार्थ एवं विस्तृत विवरण नखुलाई पेश हुन आएको गाउँपालिकाको यस बर्षको आय व्यय निम्नानुसार रहेको छ ।

| आर्थिक विवरण, आ.ब. २०७६/७७ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आय तर्फ | | | | | व्यय तर्फ | | |
| सि.नं | विवरण | रकम | कुल रकम | सि.नं | विवरण | रकम | कुल रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १२५९३५८५ | १ | **आन्तरिक स्रोत खर्च** | १०७३६३१३५ | १०७३६३१३५ |
| | क. बैंक मौज्दात | १२५९३५८५ | | २ | **वित्तीय हस्तान्तरण संघीय सरकार** | | |
| २ | **राजश्व आन्तरिक आय** | | ११०९१७५ | | क. वित्तीय समानीकरण अनुदान | | |
| | क. आन्तरिक राजस्व | ११०९१७५ | | | ख. शशर्त अनुदान नेपाल सरकार | १४८३६०९९८ | १४८३६०९९८ |
| | ख. मालपोत कर | | | | ग. समपुरक अनुदान | | |
| ३ | **वित्तीय हस्तान्तरण संघीय सरकार** | | २०६०७२३०६९ | | घ. शशर्त अनुदान एस एस डि पी सोध भर्ना हुने अनुदान | २८७७००० | २८७७००० |
| | क. वित्तीय समानीकरण अनुदान | ७६६००००० | | | ङ. शशर्त अनुदान एस एस डि पी सोध भर्ना हुने ऋण | ५१३२००० | ५१३२००० |
| | ख. शशर्त अनुदान नेपाल सरकार | १६३०९४००० | | | च. शशर्त अनुदान एस डि सि सोझै भुक्तानी हुने | ६२५८३८५ | ६२५८३८५ |
| | ग. समपुरक अनुदान | | | | छ. शशर्त अनुदान ए डि बी सोझै भुक्तानी हुने | ७००००० | ७००००० |
| | घ. शशर्त अनुदान एस एस डि पी सोध भर्ना हुने अनुदान | २८७७००० | | | ज. राजश्व वाडफाड | | |
| | ङ. शशर्त अनुदान एस एस डि पी सोध भर्ना हुने ऋण | ५१३२००० | | ३ | **वित्तीय हस्तान्तरण प्रदेश सरकार** | | २१२४२८९२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | च. शशर्त अनुदान एस डि सि सोझै भुक्तानी हुने | १२३२००६९ | | | क. वित्तीय समानीकरण अनुदान | | |
| | छ. शशर्त अनुदान ए डि बी सोझै भुक्तानी हुने | ७००००० | | | ख. शशर्त अनुदान प्रदेश सरकार | १०१७२००० | |
| | ज. राजश्व वाडफाड | ४००४६०२८ | ४००४६०२८ | | ग. समपुरक अनुदान | ८३०८३५६ | |
| | झ. संघीय सरकार रोयल्टी | ८२९४३२ | ८२९४३२ | | घ. विशेष अनुदान | २०००००० | |
| ४ | **वित्तीय हस्तान्तरण प्रदेश सरकार** | | २९१५८००० | | ङ. प्रदेश स्वास्थ्य कार्यालयबाट प्राप्त शशर्त अनुदान | १४२७००० | १४२७००० |
| | क. वित्तीय समानीकरण अनुदान | ६९८६००० | | | च. सवारी कर बाँडफाँड | | |
| | ख. शशर्त अनुदान प्रदेश सरकार | १०१७२००० | | ४ | **सामाजिक सुरक्षा** | ५९७०७००० | ५९७०७००० |
| | ग. समपुरक अनुदान | १०००००००| | ५ | **स्थानिय विकास साझेदारी कार्यक्रम** | ७५००००० | ७५००००० |
| | घ. विशेष अनुदान | २०००००० | | | **गरिवसंग विश्वेश्वर कार्यक्रम** | १६९००० | १६९००० |
| | ङ. सवारी कर बाँडफाँड | १६३०५३६ | १६३०५३६ | ६ | **राष्ट्रिय पञ्जिकरण विभाग** | ७८३४८० | ७८३४८० |
| | च. प्रदेश स्वास्थ्य कार्यालयबाट प्राप्त शशर्त अनुदान | १४२७००० | १४२७००० | ७ | **प्रकोप व्यवस्थापन कोष** | ४४७४५३२ | ४४७४५३२ |
| | छ. कोरोना रोग रोकथाम तथा उपचार कोष | ७०७८०० | ७०७८०० | ८ | **सिएमसि नेपाल** | ४१९६८८ | ४१९६८८ |
| ५ | **धरौटी आय** | | ११८९००० | ९ | **आइटी तलब** | ३६०९०२ | ३६०९०२ |
| | क. गत वर्षको नगद मौज्दात | १०८९००० | | १० | **संचित विदा** | ११८५०१२ | ११८५०१२ |
| | ख. यस वर्षको आय | १००००० | | | **औषधी उपचार** | १५३०४२५ | १५३०४२५ |
| ६ | **सामाजिक सुरक्षा** | ५९७०७००० | ५९७०७००० | ११ | **धरौटी** | | ५३५५०० |
| ७ | **स्थानिय सरकार सहयोग कार्यक्रम** | ० | ० | | क. यस वर्षको खर्च | ५३५५०० | |
| ८ | **स्थानिय विकास साझेदारी कार्यक्रम** | ७५००००० | ७५००००० | | **शशर्त अनुदान फिर्ता** | | १६४२४६४६ |
| ९ | **गरिवसंग विश्वेश्वर कार्यक्रम** | १६९००० | १६९००० | | क संघिय सरकार सशर्त अनुदान | १४७३३००२ | |
| १० | **राष्ट्रिय पञ्जिकरण विभाग** | ७८३४८० | ७८३४८० | १२ | ख प्रदेश सशर्त अनुदान | १६९१६४४ | |
| ११ | **प्रकोप व्यवस्थापन कोष** | ० | ० | | ख सामाजिक सुरक्षा भत्ता | | |
| १२ | **सिएमसि नेपाल** | ४३७१७५ | ४३७१७५ | | **बैंक मौज्दात** | | ४४५९७५६५ |
| १३ | **आइटी तलब** | ३६०९०७ | ३६०९०७ | | **क बैंक मौज्दात** | ४३९४४०६५ | |
| १४ | **संचित विदा** | ११८५०१२ | ११८५०१२ | | **ख धरौटी** | ६५३५०० | |
| १५ | **औषधी उपचार** | १५३०४२५ | १५३०४२५ | | | | |
| १६ | **उद्योग्राम स्थापना** | ९२००००० | ९२००००० | | | | |
| १७ | **अन्य आय** | | | | | | |
| | **कुल जम्मा** | ४३०२८६६२४ | ४३०२८६६२४ | | **कुल जम्मा** | ४३०२८६६२४ | ४३०२८६६२४ |

| कार्यालयको नाम - मोलुङ गाउँपालिका, ओखलढुंगा | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| | **असुलीको स्थिति** – लेखापरीक्षणको क्रममा रु.२२७६०४।- र प्रारम्भिक प्रतिवेदन जारी पश्चात रु.७२१३८२।- गरी जम्मा रु.९४८९८६।- असुल भएको छ । | |
| | • **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको श्रावण एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• कतिपय आर्थिक कारोबारहरुको गोश्वरा भौचरलाई बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मौज्दात रकम र बजेट खर्चको हिसाव मिलेको देखिएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा पालिकाको सम्पूर्ण आर्थिक कारोबारको अभिलेखाङ्कन गरेको पाईएन ।<br>पालिकाले तोकेबमोजिमका वित्तीय विवरण तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• गाउँपालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । | |

| कार्यालयको नाम - मोलुङ गाउँपालिका, ओखलढुंगा | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| | • गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा गाउँपालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण भएको पाइएन ।<br>• भ्रमण अभिलेख खाता र भ्रमण प्रतिवेदन तयार गरेको पाइएन ।<br>• गाउँपालिका अध्यक्षले ३ दिन भन्दा बढी अवधिको भ्रमण आदेश गाउँ कार्यपालिकाको बैठकवाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेमा त्यसो नगरी आफैले स्वीकृत गर्ने गरेको ।<br>• सम्बन्धित फर्म तथा व्यक्तिको नाममा रकम भुक्तानी नगरी कर्मचारीहरुलाई सोध भर्ना दिने गरेको।<br>• कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• बैक नगदी कितावमा सिलसिलेवार रुपमा गोश्वारा भौचरको अंक प्रविष्टी गर्ने नगरेको ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। | |

| कार्यालयको नाम - मोलुङ गाउँपालिका, ओखलढुंगा | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार गाउँपालिकाबाट संचालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न सम्झौता अनुसार गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस गाउँपालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| | • **योजना तर्जुमा, बजेट तथा कार्यक्रम** | |
| ३. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेटमा छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय | |

| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

तहमा उपाध्यक्ष श्री हेम कुमारी तामाङ्गले २०७६।३।१० गते रु.३० करोड ५६ लाख ९७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।२२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

**४.** **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.१ करोड २४ लाख ५८ हजार अबण्डा राखेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

**५.** **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ।

(रु.हजारमा)

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १ | गा पा पुंजिगत | ५८८६२ | ३३९१ | १६२३१ | ३९२४० | ९८१९ |
| | खर्च प्रतिशत | | ५.७६ | २७.५७ | ६६.६६ | १६.६८ |

वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

**६.** **बिनियोजनभन्दा वढी खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा कार्यपालिकाले सभावाट स्वीकृत सिमा र शीर्षक वाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । यस पालिकाले देहाय अनुसारको शिर्षकमा विनियोजन गरेभन्दा रु.१५२८५९२।- बढी खर्च गरेकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु... १५२८५९२/-

| सि.नं. | शीर्षक | विनियोजित रकम | खर्च भएको रकम | बढी खर्च भएको रकम |
|---|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | ८३००००० | ९२२२६०६ | ९२२६०६ |
| २ | स्थानीय भत्ता | ८६०००० | ८८८००८ | २८००८ |
| ३ | पदाधिकारी अन्य सुविधा | ५२००००० | ५६८२००० | ४८२००० |
| ४ | सवारी साधन मर्मत | ८४०००० | ९३५९७८ | ९५९७८ |
| जम्मा | | | | १५२८५९२ |

**संगठन तथा कर्मचारी ब्यवस्थापन**

<table>
<tr><th colspan="2">कार्यालयको नाम - मोलुङ गाउँपालिका, ओखलढुंगा</th><th>आर्थिक वर्ष - २०७६/७७</th></tr>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td>७.</td><td>कर्मचारी करार - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ ।<br>त्यसैगरी सोही ऐनको दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न २ पदमा ३ कर्मचारी करारमा नियुक्ति गरी निजहरुको तलब भत्ता बापत बर्षभरीमा रु.११४७२३०।- भुक्तानी गरेकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु...</td><td>११४७२३०।-</td></tr>
<tr><td>८.</td><td>न्यायिक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नभएको र यो बर्ष ४५ विवाद दर्ता भएकोमा २२ वटा मात्र फछ्र्यौट भई २३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९.</td><td>आर्थिक सहायता - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले मृत्यु भएको, विपदमा परेको, धनजन क्षति भएको आदिको लागि यो वर्ष रु.९९७४९०।- आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>• अनुदान प्राप्ति, वितरण र फिर्ता</td><td></td></tr>
<tr><td>१०.</td><td>नाफामूलक संस्थालाई अनुदान - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले अनुदान प्रदान गर्दा नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि यस प्रकृतिका संस्थालाई अनुदान उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका ४ नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन र भवन मर्मत खर्चमा रु.६०००००।- अनुदान उपलब्ध गराएका छन्।
<table>
<tr><th>सि.नं.</th><th>अनुदान पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>अनुदान रकम</th></tr>
<tr><td rowspan="2">१</td><td>कुन्तादेवी महिला वचत तथा ऋण सहकारी संस्था लिमिटेड</td><td>कार्यालय व्यवस्थापन</td><td>१०००००</td></tr>
<tr><td>,,</td><td>भवन मर्मत</td><td>२०००००</td></tr>
<tr><td>२</td><td>देउरली वचत तथा ऋण सहकारी संस्था लिमिटेड</td><td>कार्यालय व्यवस्थापन</td><td>१०००००</td></tr>
</table></td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ३ | वेली चमेली वचत तथा ऋण सहकारी संस्था लिमिटेड | ,, | १००००० |
| ४ | प्रगतिशिल वचत तथा ऋण सहकारी संस्था लिमिटेड | ,, | १००००० |
| | **जम्मा** | | ६००००० |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

- **आयकर एवं मू.अ.कर**

११. **भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर रु.१२५४५।- कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु... १२५४५/-

| गोभौनं./मिति | विवरण | भुक्तानी रकम | करको दर | कर रकम |
|---|---|---|---|---|
| ३९-२०७७/३/३२ | चम्पादेवी आ वि को शैक्षिक गुणस्तर सुधार | १५०००० | १.५ | ३७८० |
| ५४-२०७७/३/३१ | सरस्वती मावि पुस्तकालय व्यवस्थापनको लागि फर्निचर खरिद | ६५०००० | १.५ | ८७६५ |
| जम्मा | | | | १२५४५ |

१२. **मूल्य अभिवृद्धि कर कट्टी** - आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । गाउँपालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत मुल्य अभिवृद्धि कर रकम रु.४९३६५१।- कट्टी गरेकोमा राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ ।

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | मुअकर कर रकम | ५० प्रतिशत मु.अ.कर रकम |
|---|---|---|---|---|
| ३३-२०७७/३/३१ | सुगम सफल कन्स्ट्रक्सन | ४१३६०२२ | ४६२८२५ | २३१४१२ |
| | इन्टरटेक प्रालि वुटवल | १२११६३८ | १३९३९२ | ६९६९६ |
| | चुनदेवी इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रालि | १४९६७९८ | १७२१९८ | ८६०९९ |
| | सिम्रिक इन्जिनियरिङ्ग कन्सल्टेन्सी | १८५०५०० | २१२८८९ | १०६४४४ |
| | **जम्मा** | | | **४९३६५१** |

तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. ४९३६५१/-

१३. **धरौटी कट्टी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा रिटेन्सन मनी बापत रनिङ्ग वा अन्य विल वा विजकमा उल्लेखित रकमको ५ प्रतिशत रकम कट्टी गरी राख्नु पर्ने उल्लेख छ । निम्न निर्माण व्यवसायीलाई निम्न कार्यको भुक्तानी दिंदा धरौटी कट्टी नगरी भुक्तानी दिएकोले उक्त रकम नियमसम्मत नदेखिएको रु... २३१६२१/-

<table>
<tr><th colspan="2">कार्यालयको नाम - मोलुङ गाउँपालिका, ओखलढुंगा</th><th>आर्थिक वर्ष - २०७६/७७</th></tr>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>
<table>
<tr><th>भौ नं. र मिति</th><th>निर्माण व्यवसायी</th><th>विवरण</th><th>खर्च रकम मुअ कर समेत</th><th>५ प्रतिशत धरौटी</th></tr>
<tr><td>३-२०७७/३/३१</td><td>सुगम सफल कन्स्ट्रक्सन</td><td>बाखेतालकोट सडक निर्माण</td><td>४१३६०२२</td><td>१७८००९</td></tr>
<tr><td></td><td>इन्टरटेक प्रालि वुटवल</td><td>स्टिल पार्टस आपुर्ति</td><td>१२११६३८</td><td>५३६१२</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td>२३१६२१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१४.</td><td>विल विजक - भौ नं.३३-२०७७/३/३१ सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार निर्माण कार्यको पि.एस.आइटममा उल्लेखित रकम भुक्तानी गर्न विल बीजक पेश गर्नु पर्दछ । बाखेतालकोट सडक योजनाका निर्माण व्यवसायी सुगम सफल कन्स्ट्रक्सनले विमा आइटमलाई पि एस आइटममा रु.११३०००।- कवोल गरी ठेक्का सम्झौता गरेकोमा रु.३५०००।- मात्रको विल पेश गरी पुरै रकम भुक्तानी दिएकोले नपुग विल रु.७८०००।- को प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु...</td><td>७८०००/-</td></tr>
<tr><td>१५.</td><td>कार्यसम्पादन जमानत - सार्वजनिक खरिद ऐन २०६३ को दफा १३(२) को खण्ड (ढ१) मा बोलपत्रदाताले लागत अनुमानभन्दा १५ प्रतिशतसम्म कम अंक कबोल गरेमा कबोल अंकको ५ प्रतिशत र लागत अनुमानको १५ प्रतिशतभन्दा बढी घटेर कबोल गरेको अवस्थामा १५ प्रतिशतभन्दा जति रकमले घटी कबोल गरेको छ सो को ५० प्रतिशतले हुन आउने रकम कबोल अंकको ५ प्रतिशतमा थप गरी कार्य सम्पादन जमानत राख्नुपर्ने व्यवस्था भएको छ । झोलुङ्गेपुल स्टिल पार्टसको लागत अनुमान रु. १४५५७०४।- रहेकोमा निर्माण व्यवसायी श्री इन्टरटेक प्रालि वुटवलले रु.११४२०८१।- अर्थात् २१.५० प्रतिशत न्यून अंक कबोल गरेको आधारमा निजसँग खरिद सम्झौता भएको छ । ऐनको उक्त व्यवस्था अनुसार थप जमानत रु. ४७३१०।- र कबोल अंकको ५ प्रतिशतले हुने रु.५७१०४।- समेत जम्मा रु.१०४४१४।- को कार्य सम्पादन जमानत पेश गर्नु पर्नेमा निर्माण व्यवसायीले रु.२८५६०।- मात्रको जमानत पेश भएकोले रु.७५८५४।- बराबरको थप जमानत लिएको प्रमाण पेश हुनुपर्ने रु...</td><td>७५८५४/-</td></tr>
<tr><td></td><td>• उपभोक्ता समिति मार्फत कार्य</td><td></td></tr>
<tr><td>१६.</td><td>हेभी इक्विपमेण्टको प्रयोग – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छनः
<table>
<tr><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th><th>प्रयोग गरेको हेभी उपकरण</th><th>हेभी उपकरणमा भएको खर्च</th></tr>
</table>
</td><td></td></tr>
</table>

| कार्यालयको नाम - मोलुङ गाउँपालिका, ओखलढुंगा | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| **दफा नं.** | **लेखापरीक्षणवाट देखिएका व्यहोरा** | **बेरुजू रकम रु.** |

| | | | | |
|---|---|---|---|---|
| मोलुङ ६ हुँदै चेप्टे ओखरवोट (संघ) | सडक निर्माण | ३८४०००० | एक्साभेटर मेसिन | ३८४०००० |
| रामपुर जलजले सडक (प्रदेश) | सडक निर्माण | २४००००० | ,, | २३७१६०९ |
| घलेगाउँ हर्कपुर प्राप्चा दिप्ली सडक (प्रदेश) | सडक निर्माण | २८८०००० | ,, | २००२५५९ |
| यान्दा हिलेखर्क सडक (पालिका) | सडक निर्माण | ११५२००० | ,, | ११५२००० |
| रमिते गौरीडाँडा सडक (पालिका) | सडक निर्माण | २४००००० | ,, | २४००००० |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

१७. **जनश्रमदान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु. — २९०१५०/-

| गोभौनं./मिति | उपभोक्ता समिति र काम | सम्झौता रकम | कार्य सम्पन्न रकम | उपभोक्ताले व्यहोर्ने % | घटी अनुपातिक कट्टी रकम |
|---|---|---|---|---|---|
| २४-२०७७/३/३१ | वालवालिका आवि खेल मैदान | ४४१६६४ | ३९३९११ | ५७६६४ | ४३२४८ |
| २५-२०७७/३/३१ प्रदेश | वङ्नाम कुन्तादेवी खेल मैदान | २१५७९०४ | २१०१२१४ | २३७९०४ | ५२५४१ |
| ४८-२०७७/३/३१ | थुम्की किडादिम सडक मोटर वाटो | ४५६९९६ | ४२०९६५ | ११७१७२ | ३१५३७ |
| ३०-२०७७/३/२१ | जाल्पादेवी मन्दिर निर्माण | ३०१३२७ | २९४९२६ | ६१३२७ | ५३१० |
| ३०-२०७६/१२/६ | सामाजिक सेवा युवा क्लब खेल मैदान | ३५४६१२ | ३५०९१० | ६६६१२ | ३१३१ |
| ३८-२०७७/१/२९ | गुम्बा पोट्ले हुँदै नयाँ वन सडक | ७२४५६१ | ७१९४३७ | ८७३९३ | ४९५० |
| ३७-२०७७/३/२१ | सेप्ली खाल्टे चौतारा मोटरवाटो | ४०९८६६ | ३९०९०८ | २५८६६ | १८५०१ |
| २०-२०७७/३/७ | सिरवानी पोक्तिङ जाली निर्माण | ३५५२७९ | ३५१८२८ | ६७२७९ | २९१४ |
| २४-२०७७/३/१९ | पात्लेखोला माइक्रो हाइड्रो कुलो | ५२०५३६ | ५१५२७२ | ४०५३६ | ५०५६ |
| ११-२०७७/३/३० | विन्दवासिनी आधारभुत विद्यालय सडक | ६६४६२० | ६६०६५५ | ८१७८० | ३२८१ |
| १५-२०७७/३/३१ | आहाल डाँडा गोपे सडक | ८०७५३० | ८०१८६२ | १२७८८९ | ५६१५ |
| १०-२०७७/२/११ | मान्दा हिलेखर्क सडक | १३१२५३९ | १३०९४५७ | १६०५३९ | २८१७ |
| २२-२०७७/३/१५ | पात्ले खस्रुवोट गुम्बा निर्माण | ४१४१७३ | ४०४३५५ | ३०१७५ | ९४८२ |
| १२-२०७७/३/२८ | श्रीचौर चेप्टे ओखरवोट खिजि फलाटे | ४२८४६९९ | ४२४४२७३ | ३९३५३९ | ३७७३९ |
| ९-२०७७/३/१९ | रामपुर जालजले धार्मिक सडक | २७९२५४५ | २७७८९२१ | ३३२०६२ | १२१९६ |
| १४-२०७७/३/२२ | महिला सामुदायिक भवन | २२५४२४१ | २२४७२८४ | ३३४२४१ | ६१७२ |

| कार्यालयको नाम - मोलुङ गाउँपालिका, ओखलढुंगा | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| **दफा नं.** | **लेखापरीक्षणवाट देखिएका व्यहोरा** | **बेरुजू रकम रु.** |

| | | | | | |
|---|---|---|---|---|---|
| २१-२०७७/३/३१ | घलेगाउँ हर्कपुर प्राप्चा दिप्ली सडक | ३२८२०५८ | ३२७७७२१ | ३९७७२१ | ३९६४ |
| १५-२०७७/३/३ | वास सुविधा सहितको शौचालय निर्माण जे से मावि | ८७०४४५ | ८४७७८३ | १७०४४५ | १७४९५ |
| १७-२०७७/३/३ | वास सुविधा सहितको शौचालय निर्माण वालवालिका आवि | ८७०४४५ | ८३९०९७ | १७०४४५ | २४२०१ |
| | **जम्मा** | | | | २९०१५० |

| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १८. | **दोहोरो भुक्तानी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ अनुसार कार्यालयले स्वीकृत बजेट खर्च गर्दा दोहोरो नपर्ने गरी गर्नुपर्दछ । कार्यालयले काफलवोटे होल्पु मिसन हस्पिटल सडक योजना उपभोक्ता समितिलाई रु.४०००००।- भुक्तानी खर्च लेखेको देखियो । जिल्ला आयोजना कार्यान्वयन इकाइ ओखलढुंगावाट उक्त सडक कालोपत्रे गर्ने कार्यको लागि ठेक्का सम्झौता भै मेसिनरीको वाल लगाउने कार्य समेत निर्माण व्यवसायीले गरि सकेकोमा माथि उल्लेखित उपभोक्ता समितिवाट सोही स्थानको कार्यको नापजाँच गरी गराई दोहोरो भुक्तानी लिएको भनि सम्बन्धित स्थानीयको उजुरी समेत रहेको देखियो । तसर्थ तत् सम्बन्धमा आवश्यक छानविन गरी यथार्थता एकिन हुनुपर्ने देखिएको रु... | ४०००००/- |
| १९. | **बढी भुक्तानी** - भौ.नं. ३१-२०७७/३/३१ (वडा नं.५) सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार सार्वजनिक निकायले जिल्ला दररेटमा उल्लेखित दर भन्दा बढी नहुने गरी खरिद गरी बजेट खर्च गर्नु पर्दछ । वातावरण व्यवस्थापनको लागि वृक्षारोपण गर्न वडा सचिव मित्र प्रसाद पोखरेलले लिएको रु.५०००००।- पेश्की फछ्यौट गर्दा देखिएका व्यहोरा देहाय अनुसार छन् - | |
| १९.१. | खरिद भएका ५०० गोटा तेजपत्ता र ५०० गोटा बाँस जिल्ला दररेट अनुसार प्रतिगोटा रु.१५० ले मात्र खरिद गर्नुपर्नेमा रु.२५० का दरले खरिद गरेकोले जिल्ला दररेट भन्दा बढी रु.१०० का दरले १००० विरुवाको हुने रु.१०००००।- सम्बन्धितवाट असुल हुनुपर्ने रु... | १०००००/- |
| १९.२. | श्रमिकद्वारा वृक्षारोपण कार्य गराई सो बापत रु.८२०००।- खर्च लेखेकोमा रु.६८०००।- को खाना खाजाको विलमात्र संलग्न गरेकोले वृक्षारोपण गरेको पुष्ट्याइ प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु... | ६८०००/- |
| २०. | **पेश्की फछ्यौंट** - भौ.नं.२४-२०७७/३/१५ कार्यालयले पेश्की फछ्यौंट गर्दा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा व्यवस्था भए अनुसार फछ्यौंट गर्नुपर्दछ । कार्यालयले वडा नं.५ मा संस्थागत विकास सेवा सुशासन सम्बन्धि ३ दिने र वातावरण स्वास्थ्य सम्बन्धि जनचेतना अभिवृद्धि सम्बन्धि ६ दिने कार्यक्रम संचालन गरे बापत वडा सचिव मित्र प्रसाद पोखरेलको रु.७०००००।- संलग्न पेश्की फछ्यौट गरेकोमा फाँटवारीमा सहभागीको उपस्थिति संलग्न नगरी सहभागी भत्ता खाजा र स्टेशनरीको विलमात्र पेश गरी पेश्की फछ्यौट गरेकोले सहभागी उपस्थितिको प्रमाण र पुष्ट्याई पेश हुनुपर्ने रु... | ७०००००/- |
| २१. | **उद्योगग्राम स्थापना** - उद्योगग्राम स्थापनाको लागि उद्योग मन्त्रालयवाट रु.९२०००००।- को ड्राफ्ट मिति २०७६/११/२० मा प्राप्त भएकोमा सो रकम खर्च नभई गाउँपालिका संचितकोषमा जम्मा भएको छ । | |
| २२. | **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न | |

| कार्यालयको नाम - मोलुङ गाउँपालिका, ओखलढुंगा | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| | तहका ३८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | ३८ विद्यालय | १९७ | १९४ | ८५ | ४६५३ |

| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| २३. | **विद्यालयगत निकासा रजिष्ट्रर** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नु पर्दछ । | |
| २४. | **छात्रवृति तथा पाठ्यपुस्तक वितरण** - कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार छात्रवृत्ति तथा पाठ्यपुस्तक दोहोरो नपर्ने गरी वितरण गर्ने व्यवस्थाका लागि कार्यालयले अनुगमन गर्नुपर्दछ । कार्यालयले यस आ.ब.मा छात्रवृत्ति बापत रु.१०४३०००।- र निशुल्क पाठ्यपुस्तक बापत रु.१०२१८८१।- गरी ३८ विद्यालयहरुलाई रु.२०६४८८१।- निकासा दिएको छ । तर उक्त निकासा रकम तोकिएको प्रक्रिया अनुसार वितरण भए नभएको तथा दोहोरो परे नपरेको सम्बन्धमा कार्यालयले अनुगमन गरेको छैन । जसबाट सो रकमको सही उपयोग सम्बन्धमा सुनिश्चित हुने आधार देखिएन । त्यसैले कार्यालयबाट निकासा हुने रकम दोहोरो नहुने तथा तोकिए बमोजिम वितरण गर्ने व्यवस्थाका लागि निरन्तर अनुगमन मूल्यांकन हुनुपर्दछ । | |
| २५. | **सामाजिक परीक्षण र वित्तीय लेखा परीक्षण** - विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ बमोजिम यस गाउँपालिका अन्तर्गतका १० माध्यमिक विद्यालय र २८ आधारभुत विद्यालयलाई क्रमशः १५ हजार र १० हजारका दरले सार्वजनिक परिक्षण तथा लेखापरीक्षण बापत रु.४३००००।- अनुदान दिएकोमा सामुदायिक विद्यालयले लेखापरीक्षण गराई पारदर्शिता जवादेहिताको सुनिश्चितताका साथ दोस्रो चौमासिक निकाशा दिंदा सम्म सामाजिक परीक्षण प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा लेखापरीक्षण अवधिसम्म आर्थिक तथा सामाजिक लेखापरीक्षण प्रतिवेदन लिएको देखिएन । | |
| २६. | **करार कर्मचारी चाडपर्व खर्च** - नेपाल सरकार, मन्त्री परिषद्को २०७४।१।२१ को निणर्यानुसार कार्यालयको स्वीकृत दरबन्दी भित्र करारमा रहेका कर्मचारीहरुलाई कम्तिमा ६ महिना करार सेवा गरेमा सालवसाली रुपमा १ महिनाको आधारभुत पारिश्रमिक वरावरको चाडपर्व खर्च उपलब्ध गराउने भन्ने उल्लेख भएकोमा निम्न कर्मचारीहरुको करार अवधि ६ महिना नपुग्दै कार्यालयवाट चाडपर्व खर्च बापतको रकम अनुदान स्वरुप भुक्तानी भएकोले दिन नमिल्ने उक्त रकम असुल हुनुपर्ने रु... | ४२०२४०/- |

| विद्यालयको नाम | कर्मचारीको नाम | नियुक्ति मिति | चाडपर्व बापतको रकम |
|---|---|---|---|
| गणेश मा वि | नवराज दाहाल | २०७६/२/८ | २६६१० |

| कार्यालयको नाम - मोलुङ गाउँपालिका, ओखलढुंगा | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |

| | | | |
|---|---|---|---|
| ,, | विमला ढकाल | ,, | २६६१० |
| कालिका मा वि | कुल बहादुर खत्री | २०७६/१/२९ | २६६१० |
| रागादिप मा वि | विष्णु कुमारी राई | २०७६/२/२० | २६६१० |
| जेसे मा वि | वाल कुमारी खड्का | २०७६/१/२९ | २६६१० |
| पाल्ते मा वि | केशव प्रसाद दाहाल | ,, | २६६१० |
| सिंहदेवी प्रा वि थापाचौर | निर्मला खड्का | २०७६/२/१४ | २६६१० |
| सिंहदेवी आ वि चेप्टे | चन्द्र बहादुर तामाङ्ग | २०७६/२/१४ | २६६१० |
| ,, | मिलन कुमार राई | २०७६/३/११ | २६६१० |
| जाल्पा देवी आ वि | विमला नेपाल | २०७६/२/१० | २६६१० |
| भुमेस्थान आ वि | कविता दाहाल नेपाल | २०७६/१/२९ | २६६१० |
| ग्रामिण विकास आ वि | शम्भु कुमार खतिवडा | २०७६/२/१ | २६६१० |
| ,, | रस्मिता वाग्ले | २०७६/२/२६ | २६६१० |
| जनज्योति आ वि | राज कुमार राई | २०७६/३/ | २६६१० |
| जेसे मा वि | भिम बहादुर सुनुवार | २०७६/१/२९ | २८२०० |
| भुमेदवी आ वि | हेमराज ढुंगेल | २०७६/१/२ | ४००० |
| जलजलेश्वर गुरुकुल विद्याश्रम | निशा दाहाल | २०७६/५/१९ | ११५०० |
| जनसहयोग आवि | सुनिता वस्नेत | २०७६/३/१६ | ४००० |
| **जम्मा** | | | ४२०२४० |

| | | |
|---|---|---|
| २७. | **कट्टि रकम दाखिला -** भौ.नं.२०/२०७७/३/१८ गाउँपालिकाले अन्तर्गतका ३८ विद्यालयका शिक्षकहरुको तेस्रो चौमासिक तलब भत्तावाट प्रकोप व्यवस्थापन कोष (कोरोना कोष) को लागि रु.६५६४०६।- कट्टा गरेकोमा उक्त रकम कोषको बैंक खातामा दाखिला भएको प्रमाण पेश नभएको रु... | ६५६४०५/- |
| २८. | **बजेट विनियोजन -** गाउँपालिकाको प्रारम्भिक वालविकास केन्द्रका सहजकर्ताहरुको प्रोत्साहन भत्तामा संघीय सशर्त शिर्षकवाट रु.४०००००।-, प्रदेश सशर्त शिर्षकवाट रु.४०००००।- निकासा भएको अवस्थामा पालिकाले पनि सोही शिर्षकमा रु.८०००००।- विनियोजन गरेको पाइयो । यसरी एउटै कार्यक्रमको लागि अलग अलग निकायवाट बजेट विनियोजन गर्दा खर्चमा मितव्ययी नहुने हुँदा दोहोरो विनियोजन हुने कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| २९. | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.४४३८८५०।- तलब भत्ता भुक्तानी गरेको पाईयो । | |
| ३०. | **बढी निकासा -** भौ.नं.४८-/२०७७/३/३१ आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गरी दोहोरो नपर्ने गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ | |

<table>
<tr><th colspan="3">कार्यालयको नाम - मोलुङ गाउँपालिका, ओखलढुंगा     आर्थिक वर्ष - २०७६/७७</th></tr>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>। विद्यालय संचालन तथा व्यवस्थापन अनुदान शिर्षकवाट गाउँपालिका अन्तर्गतका ३८ विद्यालयलाई रु.७२५०००।- रकम निकासा भएकोमा पुनः सोही शिर्षकवाट उक्त विद्यालयहरुलाई रु.२०४०००।- निकासा भएकोले दोहोरो निकासा भएको रकम असुल गरी दाखिला हुनुपर्ने रु...</td><td>२०४०००/-</td></tr>
<tr><td>३१.</td><td>दिवा खाजा - सामुदायिक विद्यालयका विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम प्राप्त भएका स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्दा प्रारम्भिक बालविकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका लागि विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रु.१५ का दरले १८० दिनको लागि विद्यालयको खातामा अनुदान दिने व्यवस्था कार्यक्रम कार्यान्वयन पुस्तिकाले गरेको छ । यस्तो रकम निकासा गर्दा विद्यालय संचालन भएको दिनलाई मात्र आधार मानेर निकासा दिनुपर्नेमा गाउँपालिकाले यस वर्ष बालविकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत १६३७ जना विद्यार्थीलाई कोभिड १९ को कारण चैत्र देखि आषाढ मसान्त सम्म विद्यालय बन्द रहेको अवस्थामा पनि ३८ विद्यालयको लागि रु.३५४०५९३।- निकासा दिएको पाइयो । निकासा दिएको रकमलाई आधारमान्दा प्रति विद्यालयलाई १४४ दिनका दरले रकम निकासा भएको देखिन्छ । कोभिड १९ को संक्रमणको कारण २०७६ चैत्र देखि २०७७ आषाढसम्म विद्यालय खुलेको प्रमाण पेश भएको छैन ।</td><td></td></tr>
<tr><td>३२.</td><td>छात्रवृत्ति - गैर आवासीय छात्रावृत्तिको लागि IMIS मा प्रविष्ट तथ्यांकलाई सम्बन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराई शिक्षा अधिकृतवाट प्रमाणित गरी सोको आधारमा विद्यालयहरुलाई छात्रावृत्ति रकम निकासा दिनुपर्ने व्यवस्था कार्यक्रम कार्यान्वयन पुस्तिकाले गरेको छ। IMIS तथ्यांकको आधारमा ३८ विद्यालयका कक्षा १-८ मा रहेका छात्रा संख्या (दलित छात्रा घटाई) १३३२ जना र दलिततर्फ कक्षा १-८ मा रहेका संख्या ४८७ गरी जम्मा १८१९ जनालाई रु.४०० का दरले जम्मा रु.७२७६००।- निकासा हुनुपर्नेमा कार्यालयवाट उक्त विद्यालयहरुलाई रु.१०४३०००।- निकासा भएकोले बढी निकासा भएको रु.३१५४००।- सम्बन्धित विद्यालयवाट असुल गरि दाखिला हुनुपर्ने रु...</td><td>३१५४००/-</td></tr>
<tr><td>३३.</td><td>खर्च शीर्षक - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ मा सम्वन्धित कार्यक्रमको खर्च शीर्षक मिलाई बजेट खर्च लेख्नुपर्ने उल्लेख छ । पालिकाले निम्न मिति र भौ.नं.वाट देहायअनुसार खर्च लेख्दा सम्बन्धित कार्यक्रमको शीर्षकमा खर्च नलेखि अन्य फरक कार्यक्रमको शीर्षकवाट खर्च लेखेकोले कार्यक्रम शीर्षक फरकपारी खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु...
<table>
<tr><th>भौ.नं. र मिति</th><th>खर्च लेख्नु पर्ने शीर्षक</th><th>खर्च लेखेको शीर्षक</th><th>रकम</th></tr>
<tr><td>३५-२०७७/३/७</td><td>विद्यालय शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित</td><td>शिक्षक तलब</td><td>३९०७४९१</td></tr>
<tr><td>,,</td><td>,,</td><td>वाविके सहजकर्ता तथा विद्यालय कर्मचारीका लागि पोषाक</td><td>६७००००</td></tr>
<tr><td>,,</td><td>,,</td><td>विद्यालय कर्मचारी व्यवस्थापन अनुदान</td><td>१६२२४८</td></tr>
</table></td><td>४७३९७३९/-</td></tr>
</table>

<table>
<tr><td colspan="2">कार्यालयको नाम - मोलुङ गाउँपालिका, ओखलढुंगा</td><td>आर्थिक वर्ष - २०७६/७७</td></tr>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td><table><tr><td>जम्मा</td><td></td><td></td><td>४७३९७३९</td></tr></table></td><td></td></tr>
<tr><td>३४.</td><td>वितरणको प्रमाण - भौ.नं.५०/२०७७/३/३१ कार्यालयले खरिद गरेको सेनिटरी प्याड सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी विद्यालयले यसरी प्राप्त सामान जिन्सीमा अभिलेख राखी छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राख्नु पर्ने व्यवस्था कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६/७७ मा उल्लेख छ । सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने महिनावारी व्यवस्थापन सामाग्री वितरण कार्यको लागि गाउँपालिकाले यस आ.ब.मा ९००० थान सेनिटरी प्याड खरिद गरी रु.६५९०००।- खर्च गरेको छ । पालिकाले खरिद गरेको ९००० थान सेनिटरी प्याड मध्ये ८०९६ थान विभिन्न १४ विद्यालयलाई हस्तान्तरण गरी ९०४ थान पालिकामानै मौज्दात रहेको छ । विद्यालयले प्राप्त गरेको र पालिकामा मौज्दात रहेको समेत सबै सेनिटरी प्याड सम्बन्धित छात्राहरुलाई वितरण गरेको प्रमाण पेश हुनुपर्ने रु...</td><td>६५९०००/-</td></tr>
<tr><td>३५.</td><td>जिन्सी दाखिला - भौ.नं.६/२०७६/१२/४ आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले निम्न विद्यालयहरुको लागि निम्नानुसारको सामान खरिद गरेमा उक्त सामान विद्यालयले प्राप्त गरी आफ्नो जिन्सीमा आम्दानी बाँधेको पाइएन । तसर्थ खरिद सामानहरुको अभिलेख रहने गरी जिन्सीमा आम्दानी बाँधेको प्रमाण पेश हुनुपर्ने रु...
<table>
<tr><th rowspan="2">विद्यालयको नाम</th><th colspan="2">खरिद सामान</th><th rowspan="2">खरिद रकम (मु.अ समेत)</th></tr>
<tr><th>ल्यापटप</th><th>फोटोकपी मेसिन</th></tr>
<tr><td>सुनवती प्रावि</td><td>१</td><td>१</td><td rowspan="5">५/५ थान ल्यापटप र फोटोकपी मेसिनको जम्मा मुल्य ४९६०७०।-</td></tr>
<tr><td>ग्रामविकास आवि</td><td>१</td><td>१</td></tr>
<tr><td>विन्दवासिनी आवि</td><td>१</td><td>१</td></tr>
<tr><td>कुन्तादर्शन आवि</td><td>१</td><td>१</td></tr>
<tr><td>शहिदपाल आवि</td><td>१</td><td>१</td></tr>
</table></td><td>४९६०७०/-</td></tr>
<tr><td>३६.</td><td>छपाई परिमाण - भौ.नं.२१/२०७७/३/२३ आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । शिक्षा अधिकृत सुमन पाण्डेको पेश्की फछ्र्यौट फाँटवारी परीक्षण गर्दा निजले शैक्षिक कार्य पात्रो ५०० थान छपाई सोको रु.४२९४०।- को विल भरपाई पेश गरी पेश्की फछ्र्यौट गरेकोमा उक्त शैक्षिक कार्य पात्रो २२७ थान मात्र वितरण गरी बाँकी कार्यालयमानै मौज्दात रहेको पाइयो । आर्थिक वर्ष समाप्त भैसके पछि उक्त पात्रोको कुनै औचित्य नरहने हुँदा यसरी आवश्यकता भन्दा बढी शैक्षिक पात्रो छपाई गरी कार्यालयलाई अनावश्यक थप आर्थिक व्ययभर पारेकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३७.</td><td>औषधी खरिद - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । स्थानीय तहले उक्त प्रक्रियावेगर रु.१९६६२४४।- को औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको थप व्यहोराहरु निम्नानुसार छनः</td><td></td></tr>
</table>

<table>
<tr><th colspan="3">कार्यालयको नाम - मोलुङ गाउँपालिका, ओखलढुंगा      आर्थिक वर्ष - २०७६/७७</th></tr>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td>३७.१.</td><td>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिएन ।</td><td></td></tr>
<tr><td>३७.२.</td><td>आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश भएको देखिएन ।</td><td></td></tr>
<tr><td>३७.३.</td><td>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>३७.४.</td><td>औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>३७.५.</td><td>औषधि खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको देखियो ।</td><td></td></tr>
<tr><td></td><td>औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राखी आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारीसारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३८.</td><td>बढी ग्रेड - गाउँपालिकाले निम्न कर्मचारीहरुको तलब स्केलमा यस वर्ष श्रावण देखि प्राविधिक २ ग्रेड थप गरी तलब भत्ता भुक्तानी गर्दै आएकोमा पुनः २०७४ साल श्रावण १ देखि २०७७ आषाढ मसान्तसम्म हालको ग्रेड दरमा प्राविधिक २ ग्रेडले हुने रकम भुक्तानी लिएको पाइयो । यसरी भुक्तानी लिदा ग्रेड रकम दोहोरो भुक्तानी हुन जाने भएकोले निम्नानुसारको बढी रकम असुल गरी दाखिला हुनुपर्ने रु...
<table>
<tr><th>कर्मचारीको नाम</th><th>ग्रेड समावेश सहितको तलब</th><th>तलब स्कल</th><th>बढी रकम</th><th>थप १० प्रतिशत र चाडपर्व सहित १ आ.व. को रकम</th></tr>
<tr><td>सिअहेव राजेन्द्र प्रसाद गुप्ता</td><td>३६६३०</td><td>३५९९०</td><td>६४०</td><td>९०८८</td></tr>
<tr><td>अनमी ज्ञान कुमारी दाहाल</td><td>२८६८०</td><td>२८२००</td><td>४८०</td><td>६८१६</td></tr>
<tr><td>अनमी सोभिता दाहाल</td><td>२८६८०</td><td>२८२००</td><td>४८०</td><td>६८१६</td></tr>
<tr><td>अहेव जाङ्बु शेर्पा</td><td>२८६८०</td><td>२८२००</td><td>४८०</td><td>६८१६</td></tr>
<tr><td>अहेव भरत कुमार प्रधान</td><td>२८६८०</td><td>२८२००</td><td>४८०</td><td>६८१६</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>३६३५२</td></tr>
</table></td><td>३६३५२/-</td></tr>
<tr><td>३९.</td><td>बढी बजेट खर्च - कार्यालयले स्वास्थ्यतर्फका कर्मचारीहरुको चैत्र र बैशाख महिनाको तलब भत्तामा रु.४४६८२९।- बढी खर्च लेखी कर्मचारीहरुको खातामा दाखिला गरेकोमा सो बढी तलब जेठ र आषाढ महिनाको तलब भत्तावाट कट्टा गरी मिलान गरेको पाइयो । बढी खर्च लेखेको उक्त रकम कर्मचारीहरुको तलब भत्तावाट कट्टा गरेतापनि बैक नगदी किताबमा खर्च घटाई प्रविष्ट नगरेकोले कुल बजेट खर्च बढ्न गएको छ । यसरी खर्च नघटाई जनाएको उक्त रकम रु.४४६८२९।- स्थानीय संचितकोषवाट संघीय संचित कोष फिर्ता हुनुपर्ने देखिएको रु...</td><td>४४६८२९/-</td></tr>
</table>

| कार्यालयको नाम - मोलुङ गाउँपालिका, ओखलढुंगा | आर्थिक वर्ष - २०७६/७७ | |
|---|---|---|
| **दफा नं.** | **लेखापरीक्षणवाट देखिएका व्यहोरा** | **बेरुजू रकम रु.** |
| ४०. | **जोखिम भत्ता** - कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ६ मा कोभिड-१९ संक्रमणको पहिचान, रोकथाम नियन्त्रण तथा उपचारमा संलग्न जनशक्तिलाई जोखिम भत्ता बापतको रकम सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहले नै व्यवस्था गर्नुपर्ने उल्लेख छ । पालिकाले ४९ जना स्वास्थ्यकर्मीहरुलाई तलब स्केलको ५० प्रतिशतले २ महिनाको जोखिम भत्ता बापत रु.१०८००१०।- संघीय सशर्त शीर्षकवाट खर्च लेखेकोले उक्त भत्ता खर्च पालिकाको संचितकोषवाट संघीय संचितकोष दाखिला हुनुपर्ने रु... | १०८००१०/- |
| | **कृषितर्फ** | |
| ४१. | **विल भर्पाई** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने उल्लेख छ । कार्यालयले देहायको भुक्तानीको लेखासाथ विल भर्पाइ संलग्न गरेको नदेखिएकोले उक्त खर्चको पुष्ट्याई प्रमाण कागजात पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्दछ । | |
| ४१.१. | ४२-०७७/३/२२ साना सिचाई कार्यक्रम अन्तर्गत प्रगतिशिल कृषक समुह हर्कपुर-७ लाई कार्यालय र जनश्रमदान सहित रु.१६५८१०।- अध्यक्ष दुत बहादुर तामाङलाई भुक्तानी भएकोमा संलग्न विल भरपाई रु.१५६८१०।- को मात्र रहेकोले नपुग रु.९०००।- को प्रमाण कागजात पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु... | ९०००/- |
| ४१.२. | ७५-०७७/३/२२ फलफुल नर्सरी कार्यक्रम अन्तर्गत भिमसेन फलफुल तथा तरकारी फर्म-१ ले पेश गरेको डोर हाजिर फारमअनुसार देविका वानिया र यदुनाथ दाहाललाई २५-२५ दिनको दैनिक रु.७३० ले पारिश्रमिक खर्च लेखेकोमा संलग्न भरपाई क्रमशः २३ र २४ दिनको मात्र भएकोले बढि भुक्तानी भएको रु.२१९० सम्बन्धितबाट असुल हुनुपर्ने रु... | २१९०/- |
| ४२. | **वितरण भरपाई** - कृषि सहकारी तथा एग्रोभेट सहकार्य कार्यक्रम अन्तर्गत कृषकहरुलाई कृषिजन्य बिउ बिजन बितरणका लागि रु.४०००००।- विनियोजन भएकोमा मोलुङ एग्रोभेट ओखलढुङगा-१(पान न ६१३२६१४६७) को सहकार्यमा सो फर्मले बिल नं. ७ देखि ५० र ५६ देखि ६८ सम्म गरी कुल ५७ बटा बिलवाट भुक्तानी लिएकोमा सो बराबरको विउ विजन सम्बन्धिक कृषकहरुलाई वितरण गरेको भरपाइ पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु... | ४०००००/- |
| ४३. | **विल भरपाई** - ७०-०७७/३/३१ कृषि शर्सततर्फ रु.५००००।- खर्च लेखेकोमा गोश्वारा भौचर साथ संलग्न विल भरपाइ नरहेकोले खर्चको विल भरपाई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु... | ५००००/- |
| ४४. | **प्लाष्टिक टनेल वितरण** - ५-०७६/१०/२९ कार्यालयका कर्मचारी विनोद कटुवालले प्लाष्टिक टनेल वितरण कार्यक्रमको लागि लिएको पेश्की रु.४२००००।- को संलग्न पेश्की फछ्र्यौटको फाँटवारी अनुसार २५ प्रतिशत श्रमदान सहित रु.५२५०००।- को बिल भरपाई हुनुपर्नेमा रु.४९२९०६।- मात्र विल भरपाई पेश गरेकोले नपुग रु.३२०९४/- को प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु... | ३२०९४/- |
| ४५. | **प्लाष्टिक पोखरी वितरण** - ५-०७६/१०/२९ विनोद कटुवालको रु.७५००००।- को पेश्की फछ्र्यौट विल भर्पाइ परीक्षण गर्दा प्लाष्टिक पोखरी वितरण कार्यक्रम अन्तर्गत रु.३००००।- का दरले २५ कृषक/समुहलाई रु.७५००००।- को प्लाष्टिक पोखरी वितरण गर्नुपर्नेमा रु.५५३७००।- मात्र वितरण गरेकोले नपुग रु.१९६३००।- को वितरण भर्पाइ पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु... | १९६३००/- |

<table>
<tr><th colspan="3">कार्यालयको नाम - मोलुङ गाउँपालिका, ओखलढुंगा     आर्थिक वर्ष - २०७६/७७</th></tr>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td>४६.</td><td>बढी भुक्तानी - जिल्ला दररेट अनुसार दक्ष कामदारको प्रति व्यक्ति प्रति दिन रु.९३० र अदक्ष कामदारको प्रति व्यक्ति प्रति दिन रु.६७० ले निर्धारण भएकोमा निम्नानुसारको गो.भौ.नं.मा निर्धारित दररेट भन्दा बढी दरले भुक्तानी गरेकोले उक्त रकम असुल हुनुपर्ने रु...
<table>
<tr><th>गो.भौ.न.र मिति</th><th>कृषक समुह</th><th>जिल्ला दररेट</th><th>भुक्तानी रेट</th><th>जना</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>६२-०७७/३/३०</td><td>नयाँ गाउँ कृषक समुह</td><td>६७०</td><td>६९०</td><td>११६</td><td>२३२०</td></tr>
<tr><td>७५-०७७/३/२२</td><td>भिमसेन फलफुल नर्सरी</td><td>६७०</td><td>७३०</td><td>१७५</td><td>१०५००</td></tr>
<tr><td>१७-०७७/३/०५</td><td>मान बहादुर तामङ</td><td>६७०</td><td>८००</td><td>२४</td><td>३१२०</td></tr>
<tr><td>१७-०७७/३/०५</td><td>मान बहादुर तामङ</td><td>९३०</td><td>१०००</td><td>१५</td><td>१०५०</td></tr>
<tr><td>५७-०७७/३/०८</td><td>फुल बहादुर राई</td><td>६७०</td><td>८४०</td><td>४२</td><td>७१४०</td></tr>
<tr><td>५९-०७७/३/०८</td><td>चन्द्र बहादुर सुनुवार</td><td>९३०</td><td>१०००</td><td>१०</td><td>७००</td></tr>
<tr><td>६३-०७७/३/८</td><td>राम बहादुर श्रेष्ठ</td><td>९३०</td><td>१०३०</td><td>१८</td><td>१८००</td></tr>
<tr><td>६३-०७७/३/८</td><td>राम बहादुर श्रेष्ठ</td><td>६७०</td><td>८००</td><td>१८</td><td>२३४०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td></td><td>२८९७०</td></tr>
</table></td><td>२८९७०/-</td></tr>
<tr><td>४७.</td><td>तालिम कक्षा पारिश्रमिक - सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि तथा निर्देशिका २०७५ ले सबै प्रकारका तालिम, गोष्ठि, सेमिनार र कार्य सञ्चालन सम्बन्धी खर्चको मापदण्ड तोकेको छ । सो अनुसार सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालीममा सोही कार्यालयको व्यक्तिले कक्षा लिएमा पारीश्रमीक नपाउने कार्यपत्रको रकम मात्र पाउने व्यवस्था छ । निम्नानुसारको तालिममा कार्यालयकै कर्मचारीले कक्षा लिएकोमा पनि कक्षा पारिश्रमिक खर्च लेखेको हुँदा नपाउँने उक्त रकम असुल गरी दाखीला गर्नुपर्ने रु..
<table>
<tr><th>गो.न र मिति</th><th>कार्यक्रम</th><th>व्यत्तिको नाम</th><th>भुक्तानी रकम</th><th>करबाहेक रकम</th></tr>
<tr><td>५-०७६/१०/२९</td><td>जैविक मल</td><td>बिनोद कटुवाल</td><td>१६००</td><td>८१६०</td></tr>
<tr><td>८-०७६/११/०७</td><td>बाख्रा पालन</td><td>सतोष श्रेष्ठ</td><td>४८००</td><td>४०८०</td></tr>
<tr><td>५-०७६/१०/२९</td><td>अकबरे खुर्सानी</td><td>बिनोद कटुवाल</td><td>१६००</td><td>८१६०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td>२०४००</td></tr>
</table></td><td>२०४००/-</td></tr>
<tr><td>४८.</td><td>मापदण्ड भन्दा बढी खर्च - सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि तथा निर्देशिका २०७५ बमोजिम कार्यक्रम सञ्चालनका लागि आवश्यक स्टेशनरी कार्यमा रु.२५००।- भन्दा बढी खर्च गर्न नपाइने व्यवस्था छ । गो.भौ.न. ८-०७६/११/०७ मा सन्तोष श्रेष्ठले संचालन गरेको एकल महिला बाख्रा पालन तालिममा स्टेशनरी बापत रु.५१००।- खर्च गरेकोले नर्म्सभन्दा बढी खर्च रकम असुल हुनुपर्ने रु...</td><td>२६००/-</td></tr>
<tr><td>४९.</td><td>बहाल कर - आयुर्वेद कार्यालयको घर बहाल बापतको भुक्तानीमा कट्टि भएको बहाल कर रु.१४२००।- दाखिला गरेको प्रमाण पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु...</td><td>१४२००/-</td></tr>
</table>

<table>
<tr><th colspan="2">कार्यालयको नाम - मोलुङ गाउँपालिका, ओखलढुंगा</th><th>आर्थिक वर्ष - २०७६/७७</th></tr>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td>५०.</td><td>अग्रिम कर - भौ.नं.५-२०७६/१०/२९ आयकर ऐन, २०५८ बमोजिम बिल भुक्तानीमा १.५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था भएकोमा विनोद कटुवालले संचालन गरेको प्लाष्टिक पोखरी वितरण कार्यक्रममा कार्कि एग्रोभेटको विभिन्न मितिको बिलबाट रु.४९००००।- को सामान खरीदमा अग्रिम कर रु.७३५०।- कट्टी नगरेकोले असुल गरी दाखिला हुनुपर्ने रु...</td><td>७३५०/-</td></tr>
<tr><td>५१.</td><td>कन्टिन्जेन्सी रकम - सार्बजनिक खरिद नियमावली, २०६४ अनुसार कन्टिन्जेन्सी बापतको रकम खर्च गर्दा वर्क चार्ज तथा स्टाफ खर्चको लागि २ प्रतिशत र सानातिना अन्य खर्चको लागि २ प्रतिशतसम्म खर्च गर्न सकिने प्रावधान रहेको छ । उपरोक्त अनुसार कन्टिन्जेन्सी खर्च मध्ये ३ प्रतिशत कार्यलय प्रमुखले गर्न सक्ने र २ प्रतिशत सम्बन्धित मन्त्रालयको सहमति लिनुपर्ने तथा चालु प्रकृतिको खर्च ५० प्रतिशतभन्दा बढी हुन नहुने व्यवस्था रहेको छ । कार्यालयले विभिन्न शिर्षकबाट ४ प्रतिशत कन्टिन्जेन्सी बापत रु.२८४४५००।- कट्टा गरेकोमा तर खर्चको रजिष्टर नराखेकोले कन्टिन्जेन्सी खर्चको वास्तविक अवस्था एकीन गर्न सकिएन।</td><td></td></tr>
<tr><td>५२.</td><td>भ्रमण खर्च - गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ८ र भ्रमण खर्च नियमावली, २०६४ बमोजिम पदाधिकारी तथा कर्मचारीहरुले भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नु पर्नेछ र भ्रमणबाट फर्किएको तीन दिनभित्र भ्रमणबाट प्राप्त उपलव्धिको व्यहोरा सहितको भ्रमण प्रतिवेदन समेत पेश गर्नु पर्ने व्यवस्था छ । यस गाउँपालिकाका पदाधिकारी र कर्मचारीहरुको वार्षिक अनुगमन तथा मुल्यांकन र भ्रमण खर्चमा देहाय अनुसार कुल रु.२६८१६९५/- खर्च गरेकोमा भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य,कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल उल्लेख गरी भ्रमण प्रतिवेदन पेश गर्ने गरेको छैन । नियममा भएको व्यवस्था बमोजिम कार्य हुनुपर्दछ ।
<table>
<tr><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>गाउँपालिकावाट</td><td>१८९१६९५</td></tr>
<tr><td>वडावाट</td><td>२४००००</td></tr>
<tr><td>हेल्भिटासवाट</td><td>२५००००</td></tr>
<tr><td>कन्टेन्जेन्सिवाट</td><td>३०००००</td></tr>
<tr><td>जम्मा</td><td>२६८१६९५</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>आन्तरिक राजस्वतर्फ</td><td></td></tr>
<tr><td>५३.</td><td>आन्तरिक आय - आर्थिक कार्यबिधि ऐन, २०५५ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफनो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष ८ वटा वडा कार्यालय मार्फत मालपोत, सिफारिस दस्तुर, पञ्जीकरण, लगायतका शीर्षकमा रु.११०६१७५।५६ राजस्व असूली गरेको विवरण पेश गरेकोमा शिर्षकगत राजश्व खाता खडा नगरेकोले राजस्व प्राप्तिको स्रोत यकिन गर्न सकिएन। पालिकाको आय न्यून देखिएकोले राजस्वका बैकल्पिक स्रोतहरु पहिचान गरी पालिकाको आम्दानी बृद्धि गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| कार्यालयको नाम - मोलुङ गाउँपालिका, ओखलढुंगा | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| ५४. | **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले व्यवसायीहरुको लगत अद्यावधिक गरी राखेको पाइएन । पालिका क्षेत्र भित्र अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण समेत लेखापरीक्षणको क्रममा पेश भएन । तसर्थ पालिका क्षेत्र भित्रका सबै व्यवसायीको अभिलेख राखी निजहरुलाई करको दायराभित्र ल्याउनु पर्दछ । | |
| | **प्रकोष व्यवस्थापन कोष (कोभिड १९ कोरोना कोष)** | |
| ५५. | **खर्चको प्रमाण** - गाउँपालिकाले प्रकोप व्यवस्थापन कोष (कोभिड १९) खडा गरी उक्त कोषमा संघीय सरकार, प्रदेश सरकार र पालिकावाट रकम विनियोजन गरी जम्मा रु.५८१३२०७।- बैंक खातामा संकलन भएको छ । उक्त कोषवाट कोभिड १९ को लागि विभिन्न कार्यक्रममा रु.४४७४५३२।- खर्च भएकोमा कार्यालयले बैंक नगदी किताबमा रु.४०८९०३७।- को खर्च मात्र प्रविष्ट गरेको छ । बैंक स्टेटमेन्ट भन्दा बैंक नगदी किताबमा रु.३८५४९५।- घटि गरी खर्च जनाएकोले उक्त घटि रकमको सम्बन्धमा पुष्ट्याई प्रमाण पेश गर्नुपर्ने रु... | ३८५४९५/- |
| ५६. | **खाजा खाना खर्च** - गाउँपालिकाले कोभिड १९ को लागि ३ स्थानमा क्वारेन्टाइन स्थापना गरी स्वास्थ्य कर्मीहरुलाई उक्त क्षेत्रमा काममा खटाए बापत कार्यपालिकाले निर्णय गरी २ महिनाको तलब स्केलको ५० प्रतिशतले प्रोत्साहन भत्ता, दैनिक रु.३०० खाजा भत्ता उपलब्ध गराएको पाइयो । कार्यालयले विविध शिर्षकवाट क्वारेन्टाइनमा रहेकाहरुलाई खाजा खाना खुवाउदा स्वास्थ्य कर्मचारीहरुले समेत सोहीवाट खाजा खाना खाएको पाइएकोले निजहरुले भुक्तानी लिएको खाजा भत्ता बापतको खर्च दोहोरो पर्न जाने देखिंदा दैनिक रु.३००।- ले जम्मा रु.२४६०००।- सम्बन्धितवाट असुल गरी दाखिला हुनुपर्ने रु... | २४६०००/- |
| ५७. | **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । गाउँपालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ निम्नानुसार सोझै खरिद गरेको देखिंदा उक्त कारोबार नियमसम्मत नदेखिएको रु... | ८२०३८१०/- |

| भौ नं. र मिति | खरिद विवरण | फर्मको नाम | रकम (मु.अ कर समेत) |
|---|---|---|---|
| ३५-२०७७/३/३१ | स्मार्ट वोर्ड र प्रोजेक्टर खरिद | जोहो कर्पोरेसन प्रालि काठमाण्डौ | १०६१००० |
| ,, | ल्यापटप तथा सिसि टिभी खरिद | न्यू पंडित पशुपति कम्प्युटर काठमाण्डौ | १४८७००० |
| ,, | विज्ञान प्रयोगशाला व्यवस्थापन | | ११९३२७९ |

| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | | | | बेरुजू रकम रु. |
|---|---|---|---|---|---|
| | ३१-०७७/३/११ (कृषि) | प्लाष्टिक टनेल | कार्कि एग्रोभेट कन्सर्न | ३८७९०६ | |
| | ३०-०७७/३/१२ | प्लाष्टिक टनेल | कार्कि एग्रोभेट कन्सर्न | १२७५५४ | |
| | २५ वटा विजक | प्लाष्टिक पोखरी | कार्कि एग्रोभेट कन्सर्न | ७५०००० | |
| | ४२-०७७/३/२५ | सोलार उर्जा | ओम स्टार सप्लार्यस | ४९५०१० | |
| | २१-०७७/२/२५ | सोलार उर्जा | ओम स्टार सप्लार्यस | १९५००० | |
| | ५-०७६/१२/२८ | सोलार उर्जा | ओम स्टार सप्लार्यस | ४९०००० | |
| | १२-२०७७/३/२८ | पिभिसि कार्पेट लगायत ७ आइटम | करुणा अर्डर एण्ड सप्लायर्स | ४९७४२७ | |
| | २२-२०७७/३/३१ | अफिस चियर लगायत ९ आइटम | गोविन्द फर्निचर उद्योग | ४९६०७० | |
| | ३-२०७६/७/१ | अफिस टेवल लगायत ७ आइटम | जेन्युन कम्प्युटर | २६१०३० | |
| | १२-२०७७/३/२८ | डेस्कटप, ल्यापटम, प्रिन्टर | पि के एण्ड के सप्लायर्स भक्तपुर | ४९४३४० | |
| | ८-२०७६/१२/६ | कम्प्युटर ल्यापटप | सन कम्प्युटर ट्रेडिङ्ग | २६८१९४ | |
| | **जम्मा** | | | ८२०३८१० | |
| ५८. | **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक मर्मत, तार घेरावार निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २५१ जनालाई रोजगारी उपलव्ध गराई रु.३९१०८००।- खर्च गरेको छ । लक्षित वर्गलाई ३ दिनदेखि ३२ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम बापत खर्च लेखेको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको छ भन्न सकिएन। | | | | |
| | **सामाजिक सुरक्षातर्फ** | | | | |
| ५९. | **भत्ता वितरण -** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को प्रावधान बमोजिम गर्नुपर्दछ । सामाजिक सुरक्षामा यस वर्ष रु.५९७०७०००/- खर्च भएकोमा देखिएका थप व्यहोराहरु निम्न अनुसार छन् । | | | | |
| ५९.१. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ अनुसार लाभग्राहीको विवरण एम आइ. एस. मा प्रविष्टि नभई कुनै पनि स्थानीय तहमा सामाजिक सुरक्षा भत्ता वापतको रकम निकासा प्राप्त हुने छैन भनी उल्लेख छ । गाउँपालिका अन्तर्गतका ८ वटै वडाहरुमा एम.आइ.एस. मा प्रविष्टि नभएका व्यक्तिहरुलाई भरपाईका आधारमा सामाजिक सुरक्षा भत्ता भुक्तानी गरेको देखियो । | | | | |
| ५९.२. | सामाजिक सुरक्षा कार्यत्रम सञ्चालन कार्यविधी, २०७५ अनुसार स्थानीय तहले सामाजिक सुरक्षा भता उपभोग गर्न इच्छुक र योग्य नागरिकले तोकिएको मितिमा वडा कार्यालयले अनुसुची-३ र ४ बमोजिमको | | | | |

| कार्यालयको नाम - मोलुङ गाउँपालिका, ओखलढुंगा | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| **दफा नं.** | **लेखापरीक्षणवाट देखिएका व्यहोरा** | **बेरुजू रकम रु.** |
| | ढाँचामा दरखास्त आहवान गरी फाराम संकलन गरी नाम दर्ता र नवीकरण गर्ने व्यवस्था छ । तर कार्यालयले सो अनुसारको कार्यविधिको पालना नगरेको हुँदा लाभग्राहीको संख्या यकिन गर्न सकिएन । | |
| ५९.३. | कार्यविधिको बुंदा नं. २२ अनुसार सामाजिक सुरक्षा भत्ता बैक मार्फत मात्र वितरण गर्नुपर्ने, नगदै वितरण गर्नुपरे मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र वितरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले ८ वटै वडामा लाभग्राहीलाई ३ वटै चौमासिकको सामाजिक सुरक्षा भत्ता नगदै वितरण गरेकोमा मन्त्रालयको पूर्व स्वीकृति लिएको देखिएन । गा.पा.ले कार्यविधिमा भएको बैंकमार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ । | |
| ५९.४. | वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले गर्नसक्ने कुरा सम्बोधन गरी नसक्ने खालका सुझाव तथा गुनासाहरु सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा प्राप्त भएको प्रमाण पेश हुन आएन । कार्यविधिको पालना गर्नुपर्दछ । | |
| ६०. | **पेश्की -** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ अनुसार तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नुपर्नेमा निम्न अनुसारको पेश्की आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्ने रु... | १७६४३८५/- |

| पेश्की लिनेको नाम | पेश्की दिएको मिति | रकम |
|---|---|---|
| गाउँ खोला दोभान सिमखेत टंक बहादुर | २०७७/३/१४ | ५१७४९० |
| धोविखोला साइटर सिंचाइ कुलो बम प्रसाद गौतम | २०७७/३/१४ | ४०१८१९ |
| लिपे हाडीखोला बसेरी खेत जलउपभोक्ता समिति शान्त बहादुर राई | २०७७/३/१६ | ८४५०७६ |
| **जम्मा** | | **१७६४३८५** |

| | | |
|---|---|---|
| ६१. | **आन्तरिक लेखापरीक्षण -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(२) मा आन्तरिक लेखापरीक्षकले औंल्याएका व्यहोराहरु उपर कारवाही गरी अन्तिम लेखापरीक्षण हुनु अगावै सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ । पालिकाको अन्तरिक लेखापरीक्षक प्रतिवेदनले औंल्याएका देहायका व्यहोराहरु उपर कारवाही गरी सम्परीक्षण गराएको नदेखिएकोले आवश्यक कारवाही गरी फछ्यौट गर्नुपर्ने रु... | १६७८९५७/- |

| सि.नं. | भौचर नं. | विवरण | रकम |
|---|---|---|---|
| १. | ३-२०७६/१०/१० | भुपाल विश्वकर्मालाई बढी भुक्तानी असुल | ५०० |
| २. | ३५-२०७७/३/५ | भुमदेवी आविलाई बढी भुक्तानी असुल | ४२० |
| ३. | ३९-२०७७/३/२२ | कर दाखिला नभएको असुल | १७८५ |
| ४. | २-२०७७/२/२ | घटि कर दाखिला असुल | २८० |
| ५. | २४-२०७७/३/२३ | घटि कर दाखिला असुल | ३५ |
| ६. | ३१-२०७७/३/२२ | अग्रिम कर असुल | १३९० |
| ७. | ३२-२०७७/८/३ | घटि कर दाखिला असुल | २६ |

| कार्यालयको नाम - मोलुङ गाउँपालिका, ओखलढुंगा | | | | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|---|---|---|
| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | | | | बेरुजू रकम रु. |
| | ८. | ४७- | घटि विल भरपाई असुल | ३१४ | |
| | ९. | ३८- | अग्रिम कर असुल | २९२५ | |
| | १०. | ६- | वहाल कर असुल | ४०० | |
| | ११. | २१-२०७७/२/२३ | घटि कर दाखिला असुल | ९४५ | |
| | १२. | २१-२०७७/२/२३ | घटि कर दाखिला असुल | १९० | |
| | १३. | २१-२०७७/२/२३ | घटि कर दाखिला असुल | ४४५ | |
| | १४. | २१-२०७७/२/२३ | घटि कर दाखिला असुल | ७५ | |
| | १५. | २९-२०७७/३/३१ | कर दाखिला नभएको असुल | ९० | |
| | १६. | ३६-२०७७/२/२ | बढी भुक्तानी असुल | ४४३५ | |
| | १७. | १५-२०७६/१०/२९ | बढी भुक्तानी असुल | ७७७५ | |
| | १८. | ६९-२०७७/३/३१ | कर दाखिला नभएको असुल | ३००० | |
| | १९. | १०-२०७६/१२/४ | बढी भुक्तानी असुल | ११५०० | |
| | २०. | ५४-२०७७/३/३१ | दोहोरो भुक्तानी असुल | २०००० | |
| | २१. | ३९-२०७७/३/३१ | भरपाई बेगर खर्च असुल | ९११३६ | |
| | २२. | २३-२०७७/३/३१ | बढी भुक्तानी/बहाल कर असुल | २१४० | |
| | २३. | ४५-२०७६/१०/६ | बढी भुक्तानी असुल | २४९७ | |
| | २४. | ६०-२०७६/१०/२८ | दिन नमिल्ने भुक्तानी असुल | २२०० | |
| | २५. | १७७-२०७७/३/१४ | बढी भुक्तानी असुल | १० | |
| | २६. | २५६-२०७७/३/३१ | बढी भुक्तानी असुल | १२८६७९ | |
| | २७. | २५७-२०७७/३/३१ | बढी भुक्तानी असुल | १९६० | |
| | २८. | ७६-२०७७/२/२९ | भरपाई बेगर खर्च असुल | १००० | |
| | २९. | ३२-२०७६/७/२१ | दाखिला प्रतिवेदन स्वीकृत नभएको | १२८०० | |
| | ३०. | ४०-२०७७/३/२३ | खरिद आदेश/दाखिला र हस्तान्तरण प्रमाण संलग्न नरहेको | १००००० | |
| | ३१. | ५६-२०७७/३/३१ | खरिद आदेश र दाखिला प्रमाण संलग्न नरहेको | २१४९९४ | |
| | ३२. | २८-२०७७/३/२८ | खरिद आदेश र दाखिला प्रमाण संलग्न नरहेको | १४८४८२ | |
| | ३३. | ४४-२०७७/३/३१ | खरिद आदेश र दाखिला प्रमाण संलग्न नरहेको | ५००० | |
| | ३४. | ४५-२०७७/३/३१ | खरिद आदेश र दाखिला प्रमाण संलग्न नरहेको | २८२०० | |
| | ३५. | ८३-२०७७/३/३१ | वितरण भरपाई नभएको | ११३००० | |
| | ३६. | १९-२०७६/७/५ | खरिद आदेश र दाखिला नरहेको | ७१३५० | |
| | ३७. | ३१- | खरिद आदेश र दाखिला नरहेको | ८६१०० | |
| | ३८. | ६२-२०७६/११/४ | खरिद आदेश र दाखिला नरहेको | ३७३९५ | |
| | ३९. | ११७-२०७७/१/४ | खरिद आदेश र दाखिला नरहेको | २३३० | |
| | ४०. | १२५-२०७७/१/३० | खरिद आदेश र दाखिला नरहेको | ६००० | |

| कार्यालयको नाम - मोलुङ गाउँपालिका, ओखलढुंगा | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| **दफा नं.** | **लेखापरीक्षणवाट देखिएका व्यहोरा** | **बेरुजू रकम रु.** |

| | | | |
|---|---|---|---|
| ४१. | १५१-२०७७/२/२६ | खरिद आदेश र दाखिला नरहेको | १९५०० |
| ४२. | १५३-२०७७/२/२६ | खरिद आदेश र दाखिला नरहेको | १९६२० |
| ४३. | २०८-२०७७/३/२६ | खरिद आदेश र दाखिला नरहेको | ९९८९२ |
| ४४. | ८४-२०७७/३/३१ | सोझै खरिद | ४२८१४२ |
| | **जम्मा** | | **१६७८९५७** |

| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ६१.१. | **कार्यक्रम संसोधन** - स्थानिय पुर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत मोलुङ पुर्वाधार विकासका लागि रु.१५०००००।-रकम विनियोजन भएकोमा रामपुर सिसनटार सडक र रमिते गैरी डाँडा सडकलाई रु.७५००००।- का दरले टुक्रयाइ कार्य गराएकोमा उक्त कार्यक्रमको संसोधन पेश नभएको रु... | १५०००००/- |
| | **अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४ )२) (घ( मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । | |
| | यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ । | |

| आर्थिक वर्ष | बेरुजु दफा नं | फछ्र्यौटको व्यहोरा | रकम |
|---|---|---|---|
| २०७५।७६ | ३१ | बढी भुक्तानी असुल भई दाखिला | ६००० |
| २०७५।७६ | ३३ | कर कट्टि नभएको असुल भई दाखिला | २२५० |
| २०७५।७६ | ३८ | सहभागी बेगरको भत्ता असुल भई दाखिला | ६८०० |
| २०७५।७६ | ४३ | बढी वितरण असुल भई दाखिला | १६००० |
| २०७५।७६ | ४४ | बढी वितरण असुल भई दाखिला | ३२०० |
| २०७५।७६ | ४५ | बढी वितरण असुल भई दाखिला | १४४०० |
| २०७५।७६ | ४६ | बढी वितरण असुल भई दाखिला | ८००० |
| २०७५।७६ | ४७ | बढी वितरण असुल भई दाखिला | ४०८०० |
| २०७५।७६ | ४८ | बढी वितरण असुल भई दाखिला | २४००० |
| २०७५।७६ | ४९ | बढी वितरण असुल भई दाखिला | ४८०० |
| **जम्मा** | | | **१२६२५०** |

| | | |
|---|---|---|
| | **संचित कोष तथा बेरुजुको स्थिति** - पालिकाको संचित कोषको स्थिति, बेरुजु बर्गिकरण र अद्यावधिक वेरुजुको स्थिति क्रमशः अनुसूची-१, २ र ३ मा समावेश गरिएको छ । | |

अनुसूची-१

## संचित कोषको स्थिति

| प्रदेश | जिल्ला | स्थानीय तह | महा/उपमहा/ नगर/गाउँ पालिका | लेखापरीक्षण रकम | बेरुजू रकम | प्रतिशत | आय | | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | गतवर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाँडफाँट रकम | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूंजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| प्रदेश नं.१ | ओखलढुंगा | मोलुङ गाउँपालिका | गाउँपालिका | ८०३३८२ | २८७२२ | ३.५८ | १२५९४ | २८९८८१ | ४२५०६ | ११०९ | ८४१९७ | ४१७६९३ | १६३३२८ | १२७८४३ | ९४५१७ | ३८५६८९ | ४४५९८ |

अनुसूची-२

## बेरुजु बर्गीकरण

| प्रदेश | जिल्ला | स्थानीय तह | महा/उपमहा /नगर/गाउँ पालिका | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| प्रदेश नं.१ | ओखलढुंगा | मोलुङ गाउँपालिका | गाउँपालिका | २५ | ४४ | २९५०२ | ० | ४ | ७८० | २५ | ४० | २८७२२ | १९७२ | १६२७९ | ८७०७ | ० | ० | २४९८६ | ० | १७६४ | १७६४ |

अनुसूची-३

## अद्यावधिक बेरुजुको स्थिति

| प्रदेश | जिल्ला | स्थानीय तह | महा/उपमहा/ नगर/गाउँ पालिका | गत वर्षको अनुसूचीवाट | समायोजन | गत बर्ष सम्मको वाँकी वेरुजु | सं.प.को लागि अनुरोध भइ आएको रकम | संपरीक्षण भएको रकम | संपरीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको वाँकी रकम | यो वर्षको थप रकम | ५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु | ५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश नं.१ | ओखलढुंगा | मोलुङ गाउँपालिका | गाउँपालिका | २१००३ | ० | २१००३ | १२६ | १२६ | ० | ० | २०८७७ | २८७२२ | ४९५९९ | १८१४ |